# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि.को
## तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरु,**

यस लघुवित्त वित्तीय संस्था लि.को सञ्चालक समितिको मिति २०७९ साल पुष ४ गते सोमवार बसेको १९९ औं बैठकको निर्णयानुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गर्दछौं ।

मितिः २०७९ पुष ३० गते शनिबार (तदनुसार जनवरी १४, २०२३)
समयः बिहान १०.०० बजे
स्थानः आम्रपाली व्याङ्केट, भाटभटेनी, काठ्माण्डौ ।

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०७८/७९ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पुँजीको १ प्रतिशतले हुने ९६,४४,९२४।- ( अक्षरेपि छयानब्वे लाख चवालिस हजार नौ सय चौविस मात्र) नगद लाभांश (कर प्रयोजनको लागी) पारित गर्ने ।
४) कम्पनीको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५) संस्थापक शेयरधनी (समुह 'क') को तर्फवाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पुँजीको १९ प्रतिशतले हुने रु. १८,३२,५३,५५६।- (अक्षरेपि अठार करोड बत्तिस लाख त्रिपन्न हजार पाँच सय छपन्न मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
७) कम्पनीको अधिकृत, जारी तथा चुक्ता पुँजी रु. ९६,४४,९२,४०० (अक्षरेपी छयानब्वे करोड चवालीस लाख बयानब्वे हजार चार सय) बाट बृद्धि गरी रु. १,१४,७७,४५,९५६ (अक्षरेपी एक अर्व चौध करोड सतहत्तर लाख पैतालीस हजार नौ सय छपन्न) पुऱ्याउने ।
८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
९) फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

१०) सञ्चालक समितिले गरेका काम कारवाही अनुमोदन गर्ने ।

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव

## साधारण सभा सम्वन्धी सामान्य जानकारी

१ साधारण सभा प्रयोजनको लागि मिति २०७९ साल पुष १७ गते एक दिन लघु वित्त वित्तीय संस्थाको शेयरधनी दर्ता किताव/शेयर दाखिल खारेज दर्ता वन्द रहनेछ । मिति २०७९/९/१४ सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई मिति २०७९/९/२० गतेसम्म यस लघु वित्त वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्शाल काठमाण्डौमा प्राप्त शेयर नामसारीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन योग्य हुनु हुन्छ ।

२ सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहानः ९ बजे देखि सभा सञ्चालन रहे सम्म खुल्ला रहनेछ ।

३ सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागी साधारण सभा वस्ने मिति, समय, स्थान र छलफलका विषय (एजेण्डा) हरू सहितको सूचना र संक्षिप्त वार्षिक आर्थिक विवरणहरु यस लघु वित्त वित्तीय संस्थाको वेबसाइट www.fmdb.com.np मा प्रकाशित गरिएको छ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले संक्षिप्त आर्थिक विवरण तथा सूचना साथ संलग्न प्रवेश पत्रको साथै हितग्राहि खाता खोलिएको (डिम्याट)/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाण पत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिइ आउनु हुन अनुरोध छ ।

४ सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०७९ साल पुष २८ गते विहान १०.०० वजे भित्रै लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय ज्ञानेश्वर, काठमाण्डौंमा दर्ता गराइ सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत लघु वित्त वित्तिय संस्थाको शेयरधनी हुनु आवश्यक छ । प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भइ हाजिरी कितावमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः वदर हुनेछ ।

५ प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

६ प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुनेछ ।

७ प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी बदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त मुकरर गरिएको प्रतिनिधि स्वतः वदर हुनेछ साथै अर्को प्रतिनिधि मुकरर गरिएको अवस्थामा पछिल्लो मुकरर प्रतिनिधि कायम हुनेछ ।

८ नाबालक शेयरधनीको तर्फबाट लघु वित्त वित्तिय संस्थाको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

९ शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्वन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।

१० छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्वन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहनुभएको विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अघि लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत लघु वित्त वित्तिय संस्थाको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रूपमा समावेश गरिने छैन ।

११ कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा लघु वित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयवाट उपलब्ध हुनेछ ।

१२. माथि दफाहरुमा उल्लेखित दिनमा कुनैपनि सार्वजनिक विदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त तोकिएको समय सीमा सम्म कम्पनी कार्यालय खुल्ला रहनेछ ।

कम्पनी सचिव

## निर्वाचन सम्वन्धी जानकारी

१ निर्वाचनमा सञ्चालक पदको उम्मेदवार हुन चाहनेले कम्पनीको नियमावली वमोजिम कम्तीमा १,००० कित्ता शेयर लिएको हुनु पर्नेछ । उक्त शेयर शेयरधनीहरुको दाखिल खारेज दर्ता वन्द हुनु पुर्व कारोवार गरि शेयरवालाको नाममा नामसारी भएको हुनु पर्नेछ । साथै सो शेयर कुनै पनि प्रकारको धितो बन्धकमा नरहेको हुनु पर्नेछ ।

२ प्रतिनिधिपत्रवाट मतदान गर्ने शेयरवालाले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने लघुवित्त वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

३ योग्यता पुगेको शेयरवालाले सञ्चालक पदमा उम्मेदवार हुने मनोनयन पत्र स्वयं हस्ताक्षर गरि तोकिएको मिति र समयमा निर्वाचन अधिकृत समक्ष पेश गरिसक्नु पर्नेछ ।

४ यसरी मनोनयन पत्र दाखीला गर्दा आफु जुन समूहवाट उम्मेदवार हुने हो सोही समूहको एक जना शेयरवाला प्रस्तावक र एक जना शेयरवालाले समर्थकको रुपमा दस्तखत गरेको हुनु पर्दछ ।

५ प्रस्तावक र समर्थकको रुपमा दस्तखत गर्ने शेयरधनीले यस लघु वित्त वित्तीय संस्थाको कम्तीमा १० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

६ एक जना शेयरवालाले एक जना भन्दा वढि उम्मेदवारको लागि प्रस्तावक र समर्थकको रुपमा दस्तखत गर्न पाउने छैन ।

७ उम्मेदवार मनोनयन पत्र निर्वाचन अधिकृतको कार्यालय, फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड, ज्ञानेश्वर, काठमाण्डौंमा उपलब्ध हुनेछ ।

८ निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके अनुसार हुनेछ । निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यक्रमहरु निर्वाचन अधिकृतको कार्यलयको सूचना पाटीमा मिति २०७९।०९।११ गते प्रकाशित गरिने छ ।

९ प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरुमा उल्लिखित योग्यता नपुग्ने व्यक्ति सञ्चालकको उम्मेदवार हुन योग्य हुने छैन ।

First Microfinance कम्पनी सचिव

# *प्रोक्सी फारम (प्रतिनिधि पत्र)*

श्री सञ्चालक समिति
फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड
ज्ञानेश्वर, काठमाण्डौ ।

**विषय : प्रतिनिधि नियुक्त गरेको वारे ।**

महाशय,

...................... प्रदेश ..................... जिल्ला ............................ न.पा./गा.पा./उपम.न.पा./म.न.पा. वडा नं. ............ बस्ने म/हामी ..............................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०७९ साल पुष ३० गते शनिवारका दिन हुने वार्षिक साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि ............... प्रदेश .......................... जिल्ला ..................... न.पा./गा.पा./उपम.न.पा./म.न.पा. वडा नं. .......... बस्ने त्यस कम्पनीका शेयरवाला श्री ...................................... लाई मेरो/ हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

| **प्रतिनिधि नियुक्त भएको** | **प्रतिनिधि नियुक्त गर्नेको** |
|---|---|
| नाम: | नाम :- |
| दस्तखत नमूना :- | दस्तखत :- |
| ठेगाना :- | ठेगाना :- |
| शेयरधनी नं./ हितग्राही खाता नं. :- | शेयरधनी नं./ हितग्राही खाता नं. :- |
| मिति :- | शेयर संख्या:- |

*द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि फारम रद्ध गरिनेछ ।*

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

को

तेह्रौं वार्षिक साधारण सभामा उपस्थितिको लागि

## प्रवेश पत्र

| | | |
|---|---|---|
| १ | शेयरधनीको नाम | : |
| २ | ठेगाना | : |
| ३ | शेयरधनी नं./हितग्राही खाता नं | : |
| ४ | लिएको शेयर संख्या | : |
| ५ | शेयरधनीको दस्तखत | : |

यो प्रवेश पत्र साधारणसभामा भाग लिन आउँदा पेश गर्नुपर्नेछ ।

First Microfinance

कम्पनी सचिव

कम्पनी सचिव

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

## संक्षिप्त वार्षिक आर्थिक विवरण : २०७८/७९

नोटः प्रस्तुत विवरण, कम्पनीको वार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदनको संक्षिप्त विवरण मात्र हो

शेयरधनी महानुभावहरू,

यस फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको तेह्रौं वार्षिक साधारण सभाको प्रयोजनार्थ लघु वित्त वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ को नेपाल राष्ट्र बैंकको लघुवित्त वित्तीय संस्थालाई जारी गरेको निर्देशन तथा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको तयार गरिएको वित्तिय स्थीति विवरण, नाफा वा नोक्सान हिसाव, अन्य समष्टिगत आय विवरण, नगद प्रवाह विवरण, पुँजीकोषमा भएको परिवर्तन लगायत लघुवित्त वित्तीय संस्थाको समग्र कारोवारको सिंहावलोकन निम्नानुसार रहेको व्यहोरा यस संक्षिप्त वार्षिक आर्थिक विवरण मार्फत जानकारी गराउँदछौ ।

**क.समीक्षा आर्थिक वर्षको कारोबारको सिंहावलोकन :**

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडले नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त गरी २०६६ पौष २४ गतेबाट विधिवत् रुपमा कार्य शुभारम्भ गरेको यहाँहरूलाई अवगत नै छ । यस लघुवित्त वित्तीय संस्थाले आर्थिक वर्ष २०७८/७९ सम्ममा विभिन्न १२८ वटा ऋणी संस्थाहरू मार्फत रु १०.५२ अर्ब थोक लघु कर्जा प्रवाह गरेकोछ । यस लघु वित्त वित्तीय संस्थाले उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गरी आर्थिक वर्ष २०७८/७९ मा रु. २५ करोड ७० लाख ५२ हजार ९ सय ७८ खुद मुनाफा आर्जन गर्न सफल भएको छ ।

विश्व अर्थतन्त्रमा आएको परिवर्तनको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपाली अर्थतन्त्रमा पनि परेको छ । नेपालको सन्दर्भमा पनि मूल्य एवम् बाह्य क्षेत्र स्थायित्वमा देखिएको दबाब र लगानीयोग्य साधनमा आएको संकुचनका कारण लघुवित्त तथा सहकारीको क्षेत्रको बारेमा भएका नकरात्मक प्रचार प्रसारले गर्दा आर्थिक बर्षको शुरु देखिनै सहकारी तथा खुद्रा लघुवित्त संस्थाहरुको ऋण प्रवाहमा संकुचन कर्जा असुलीमा दबाब जस्ता चुनौतिहरुबाट सृजित अप्ठ्याराहरुले गर्दा समीक्षा आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थाले पनि सहज अवस्थाको अनुभव गर्न पाएन । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको नीति बमोजिम केही लघुवित्त वित्तीय संस्थाहरू गाभ्ने तथा गाभिने प्रक्रियामा गएकाले "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरूको संख्यामा न्यून हुदै गएको अवस्था रह्यो, फलस्वरुप २०७८ आषाढ मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कूल संख्या ७० रहेकोमा २०७९ आषाढ मसान्तसम्म आइपुग्दा यो संख्या ६५ मा सीमित रहन गएको छ ।

समिक्षा आर्थिक वर्षमा लगानी योग्य रकमको अभावका कारण वित्तीय श्रोतको उपलब्धतामा प्रतिस्पधात्मक अवस्था रहेकोमा यस संस्थाले व्यवसायिक सम्बन्ध, संस्थागत क्षमता तथा दक्षताको अधिकतम् उपयोग गरी उचित लागतमा श्रोतको व्यवस्थापन गरेको छ । समग्र अर्थतन्त्र तथा वित्तीय बजारको कठिन अवस्थामा समेत यस लघुवित्त वित्तीय संस्थाले न्यून जोखिमका क्षेत्रहरू पहिचान गरी नियन्त्रित रूपमा सजगताका साथ व्यवसायको विस्तार गर्दै लैजाने तथा सदैव आवश्यक तरलता कायम राख्ने रणनीति अवलम्बन गरेको कारणले वित्तीय बजारमा उच्च शाखका साथ सञ्चालनमा रहन सफल भएका छौं ।

कम्पनी सचिव First Microfinance

पछिल्लो ५ आर्थिक वर्षको संक्षिप्त वित्तीय स्थिति र उपलब्धिहरू यस प्रकार रहेको छ ।

रकम रु. करोडमा

| आर्थिक बर्ष | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| कर्जा तथा सापट (खुद) | ४१५ | ५५५ | ५५६ | ८१८ | १,०३९ |
| तरल सम्पत्ति तथा लगानी | ६० | ५५ | ७४ | १५७ | ४९ |
| स्थीर तथा अन्य सम्पत्ति | ३ | ४ | ३ | ५ | ७ |
| **कुल सम्पत्ति** | ४७८ | ६१३ | ६३३ | ९८० | १,०९६ |
| शेयर पूँजी | ६८ | ६८ | ८० | ८८ | ९६ |
| संचित मुनाफा तथा जगेडा कोष | १९ | २३ | २५ | २७ | ४३ |
| तिर्न बाँकी सापट | ३८७ | ५१४ | ५२३ | ८६१ | ९४६ |
| अन्य दायित्वहरु | ४ | ७ | ५ | ५ | १० |
| **कुल दायित्व तथा पूँजी** | ४७८ | ६१३ | ६३३ | ९८० | १,०९६ |
| खुद व्याज आम्दानी | १९ | २६ | २५ | २७ | ४३ |
| संचालन मुनाफा | १५ | २० | १९ | २० | ३७ |
| **खुद मुनाफा** | १० | १३ | १४ | १५ | २६ |
| **प्रति शेयर आम्दानी** | १७.५२ | १९.११ | १८.१६ | १७.६१ | २६.६५ |
| पुँजी कोष (प्रतिशतमा) | १८.९८% | १६.७६% | १७.९६% | १३.११% | १३.९३% |
| निष्कृय कर्जा (प्रतिशतमा) | 0.00% | 0.00% | 0.00% | 0.00% | 0.00% |

**ख) प्रतिवेदनको समीक्षा र आर्थिक वर्षको उपलब्धि**

यस लघु वित्त वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्दा सन्तोषजनक रूपमा सञ्चालित नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई र सामुदायिक रुपमा संचालित भई लघुवित्त तथा लघुउद्यम कर्जा कारोवार गरिरहेका सहकारी संस्थाहरुलाई प्राथमिकता दिईएको छ । यस लघुवित्त वित्तीय संस्थाले आर्थिक वर्ष २०७८/७९ भरिमा रु. ७.२८ अर्व नयाँ कर्जा स्वीकृत रु. ६.४७ अर्व थोक कर्जा प्रवाह गरेको छ । संस्थाहरुलाई उपलब्ध गराईएको भुक्तानी तालिका बमोजिम रु. ४.२२ अर्व साँवा रकम असुली भएको छ । ति ऋणी संस्थाहरुले ३० लाख भन्दा बढी सदस्यहरुसँग ऋणको कारोवार गरि रहेका छन् । थोक लघुकर्जा सम्बन्धी जोखिम न्यूनिकरण गर्ने कार्यमा यस लघुवित्त वित्तीय संस्था सदैव आवधिक समीक्षाका साथ सचेत रहँदै आइरहेको छ । थोक लघुकर्जा व्यवस्थापन र लगानीमा गरिएको सतर्कता तथा आवश्यक प्रयासको फलस्वरूप प्रारम्भदेखि नै निरन्तर रूपमा निष्क्रिय कर्जा शून्य प्रतिशत कायम गर्न यो लघुवित्त वित्तीय संस्था सफल भएको छ ।

यसका अतिरिक्त साझेदार संस्थाको आवधिक रुपमा जोखिम स्तर निर्धारण गरी सोका आधारमा स्थलगत अनुगमन गर्ने र आवश्यक परेमा उच्च जोखिमयुक्त साझेदार संस्थासँग कर्जा असुली गर्ने लगायतका सुधारका प्रक्रियाहरु अवलम्वन गरिएको छ । सङ्कुचित आर्थिक क्रियाकलाप, लघुवित्तको क्षेत्रमा बढ्दो प्रतिस्पर्धाले व्यवसाय विस्तारमा पारेको प्रभाव आदि अप्ठ्याराका बावजूद कार्यक्षेत्र तथा कारोवारको दायरा फराकिलो पार्न र उपलब्ध वित्तीय स्रोतहरुको अधिकतम उपयोग गरी कार्य सम्पादन गर्न यो लघु वित्त वित्तीय संस्था प्रयासरत रहेको छ ।

यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरुलाई संस्थाको सम्पतिको रूपमा ग्रहण गरिएको छ र समीक्षा अवधिमा कर्मचारीहरूलाई समयानुकूल प्रतिस्पर्धी बनाउन तथा ज्ञान र शीपको ताजकीकरण गर्न विभिन्न विषयमा राष्ट्रिय स्तरको तालिम तथा गोष्ठीहरुमा सहभागि गराइएको थियो । साथै, आगामी आर्थिक वर्षमा यस लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता तथा दक्षता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको तालिम, गोष्ठीमा अनलाइन तथा अवस्थाको मूल्यांडन गरी प्रत्यक्ष सहभागी गराउने योजनालाई निरन्तरता दिइने छ ।

कम्पनी सचिव

First Microfinance

## ग) आगामी योजना सम्बन्धमा सञ्चालक समितिको धारणा :

यस लघुवित्त वित्तीय संस्थाले चालु आर्थिक वर्षमा नियन्त्रित रुपमा थोक लघुकर्जा विस्तार गर्ने, साझेदार लघुवित्त वित्तीय संस्थाहरुमा नै प्राथमिकतामा साथ कार्य विस्तार गर्ने, शतप्रतिशत साँवा तथा ब्याज असुलीलाई निरन्तर कायम राख्ने, कर्जा जोखिम न्यूनीकरणका रणनीतिलाई अझ सशक्त रुपमा लागु गर्ने, कर्जा अनुगमन कार्यलाई सघन र प्रभावकारी बनाउन साझेदार लघुवित्त संस्थाहरुको नियमित सुपरिवेक्षण गर्ने, कार्यरत जनशक्तिको दक्षता विकास गर्ने, साझेदार संस्थाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक गतिविधिहरु सञ्चालन गर्ने, वर्तमानमा भए गरेका सकारात्मक तथा सृजनात्मक कार्यलाई निरन्तरता दिने आदि रणनीतिहरु अवलम्बन गरेको छ ।

## घ) समिक्षा तथा गत आर्थिक वर्षहरुको संक्षिप्त वित्तीय विवरणहरु:

तल उल्लेखित विवरणहरु नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको हो ।

कम्पनी सचिव

# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

## वित्तीय अवस्थाको विवरण (वासलात)

### २०७९ साल आषाढ मसान्तको

रकम रु

| | अनुसुची | ३२ असार २०७९ | ३१ असार २०७८ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| नगद तथा नगद समान | ४.१ | ८८,२०४,११९ | ७७५,१८०,०९१ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४.२ | ५०,८१८,४७५ | ४४,६४९,४३४ |
| बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.३ | ३५०,०००,००० | ७५०,०००,००० |
| व्यूत्पन्न वित्तीय उपकरण सम्पत्ति | ४.४ | - | - |
| अन्य व्यापारिक सम्पत्तिहरु | ४.५ | - | - |
| लघुवित्त वित्तीय संस्था तथा सहकारी संस्थालाई कर्जा तथा सापट | ४.६ | १०,३९२,१६३,७६० | ८,१७९,३३७,१०४ |
| ग्राहकलाई कर्जा तथा सापट (कर्मचारीहरु) | ४.७ | १८,९४३,३६३ | १२,८७९,९१० |
| धितोपत्रमा लगानी | ४.८ | १,३०५,६०० | १,३०५,६०० |
| चालु आयकर सम्पत्ति | ४.९ | - | २,२०४,३७१ |
| सम्पत्तिमा लगानी | ४.१० | - | - |
| सम्पत्ति तथा उपकरण | ४.११ | ९,५६२,५६५ | ११,४७१,६३४ |
| ख्याती र अमुर्त सम्पत्ति | ४.१२ | १०७,९७७ | २२०,३३८ |
| स्थगन कर सम्पत्ति | ४.१३ | २,८५६,२६० | ३,००८,२३४ |
| अन्य सम्पत्ति | ४.१४ | ४१,८३६,७४९ | २४,३८१,९०९ |
| **कुल सम्पत्ति** | | **१०,९५५,७९८,८६८** | **९,८०४,६३८,६२५** |
| **दायित्व** | | | |
| बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी | ४.१५ | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी | ४.१६ | - | - |
| यूत्पन्न वित्तीय उपकरण दायित्व | ४.१७ | - | - |
| ग्राहकबाट निक्षेप | ४.१८ | - | - |
| तिर्न बाँकी सापट | ४.१९ | ९,४५७,६३६,५५१ | ८,६११,४४४,७९८ |
| चालु आयकर दायित्व | ४.९ | १२,३९९,७११ | - |
| व्यवस्थाहरु | ४.२० | - | - |
| स्थगन कर दायित्व | ४.१३ | - | - |
| अन्य दायित्व | ४.२१ | ८९,४१४,४७१ | ५०,३७१,९०२ |
| निष्काशन गरिएका ऋणपत्र | ४.२२ | - | - |
| सहायक आवधिक दायित्व | ४.२३ | - | - |
| **कुल दायित्व** | | **९,५५९,४५०,७३३** | **८,६६१,८१६,७००** |
| **पूँजी** | | | |
| शेयर पूँजी | ४.२४ | ९६४,४९२,४०० | ८७६,८११,२०० |
| शेयर प्रिमियम | | - | - |
| संचित मुनाफा | | २१९,९४०,८९१ | ११३,३६४,०७९ |
| जगेडा तथा कोषहरु | ४.२५ | २११,९१४,८४५ | १५२,६४६,६४६ |
| **कुल पूँजी** | | **१,३९६,३४८,१३६** | **१,१४२,८२१,९२५** |
| **कुल दायित्व तथा पूँजी** | | **१०,९५५,७९८,८६८** | **९,८०४,६३८,६२५** |
| संम्भावित दायित्व तथा प्रतिवद्दता | ४.२६ | - | - |
| प्रति शेयर खुद सम्पत्ति | | १४४.७८ | १३०.३४ |

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

### नाफा वा नोक्सान विवरण

श्रावण १, २०७८ देखि ३२ आषाढ २०७९ सम्म

रकम रु

| | अनुसुची | २०७८।७९ | २०७७।७८ |
|---|---|---|---|
| व्याज आम्दानी | ४.२७ | १,२६७,००६,४५३ | ६०१,०५४,३८८ |
| व्याज खर्च | ४.२८ | (८४१,५३३,७८६) | (३३५,९८०,७२०) |
| **खुद व्याज आम्दानी** | | ४२५,४७२,६६७ | २६५,०७३,६६८ |
| शुल्क तथा कमिशन आम्दानी | ४.२९ | ७५,९८५,८६४ | ४८,६८६,१६१ |
| शुल्क तथा कमिशन खच | ४.३० | (६,२२२,०८३) | (२,०३०,०००) |
| **खुद शुल्क तथा कमिशन आम्दानी** | | ६९,७६३,७८१ | ४६,६५६,१६१ |
| **खुद व्याज, शुल्क तथा कमिशन आम्दानी** | | ४९५,२३६,४४८ | ३११,७२९,८२९ |
| खुद व्यापारिक आम्दानी | ४.३१ | - | - |
| अन्य संचालन आम्दानी | ४.३२ | - | - |
| **कुल संचालन आम्दानी** | | ४९५,२३६,४४८ | ३११,७२९,८२९ |
| कर्जा तथा अन्य सम्पत्तिमा हानी/नोक्सानीको (व्यवस्था)/फिर्ता | ४.३३ | (४३,२५३,५५४) | (५२,४३८,९६०) |
| **खुद संचालन आम्दानी** | | ४५१,९८२,८९४ | २५९,२९०,८६९ |
| **संचालन खर्च** | | (८०,१४९,७०३) | (५५,५१५,३१२) |
| कर्मचारी खर्च | ४.३४ | (६४,२६२,९०१) | (४१,३७७,५३५) |
| अन्य संचालन खर्च | ४.३५ | (१३,६१६,००२) | (१२,३५४,६६९) |
| मुल्यह्रास र परिषोधन | ४.३६ | (२,२७०,८००) | (१,७८३,१०८) |
| **संचालन मुनाफा** | | ३७१,८३३,१९१ | २०३,७७५,५५७ |
| गैर संचालन आम्दानी | ४.३७ | - | - |
| गैर संचालन खर्च | ४.३८ | - | - |
| **आयकर अघिको मुनाफा** | | ३७१,८३३,१९१ | २०३,७७५,५५७ |
| आयकर खर्च/(आम्दानी) | ४.३९ | | - |
| चालु आयकर | | (११४,७७८,४११) | (५५,७००,३२४) |
| स्थगन कर | | (१,८०२) | ६,३३२,४५७ |
| **यस वर्षको मुनाफा** | | २५७,०५२,९७८ | १५४,४०७,६९० |
| **नाफा बाँडफाँड** | | | |
| लघुवित्त वित्तीय संस्थाको शेयरधनी | | २५७,०५२,९७८ | १५४,४०७,६९० |
| **यस वर्षको मुनाफा** | | २५७,०५२,९७८ | १५४,४०७,६९० |
| प्रति शेयर आम्दानी | | २६.६५ | १७.६१ |
| डाइलुटेड प्रति शेयर आम्दानी | | २६.६५ | १७.६१ |

माथिका ४.२७ देखी ४.३९ सम्मका अनुसुचीहरु नाफा नोक्सान विवरणका अभिन्न भाग हुन ।

कम्पनी सचिव

First Microfinance

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

अन्य विस्तृत आम्दानीको विवरण

श्रावण १, २०७८ देखि ३२ आषाढ २०७९ सम्म

रकम रु

| | अनुसुची | २०७८।७९ | २०७७।७८ |
|---|---|---|---|
| **यस वर्षको मुनाफा** | | २५७,०५२,९७८ | १५४,४०७,६९० |
| **आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | |
| **क) नाफा/(नोक्सान) मा पुन:वर्गिकरण गर्न नसकिने वुँदाहरु** | | | |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | - | (६९४,४००) |
| पुर्नः मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | - | - |
| परिभाषित लाभ योजनाबाट विमाङ्किक नाफा/(नोक्सान) | | ५००,५७४ | १,२५०,०२६ |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | (१५०,१७२) | (१६६,६८८) |
| **नाफा/(नोक्सान) मा पुर्नः वर्गीकरण नगरिएका अन्य खुद विस्तृत आम्दानी** | | | |
| **ख) नाफा/(नोक्सान)मा पुनः वर्गीकरण गरिएका वा गर्न सकिने वुँदाहरु** | | - | - |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | - | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका वुँदाको आयकर | | - | - |
| नाफा/(नोक्सान) मा वर्गीकरण गरिएका | | - | - |
| **नाफा/(नोक्सान) मा पुनः वर्गीकरण गरिएका वा गर्न सकिने अन्य खुद विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | - | - |
| **यस वर्षको कुल विस्तृत आम्दानी** | | २५७,४०३,३८० | १५४,७९६,६२८ |
| **यस अवधिको कुल विस्तृत आम्दानी** | | २५७,४०३,३८० | १५४,७९६,६२८ |

माथिका अनुसुचीहरु अन्य विस्तृत आम्दानीको विवरणका अभिन्न भाग हुन ।

कम्पनी सचिव

First Microfinance

फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड

नगद प्रवाह विवरण

श्रावण १, २०७८ देखि ३२ आषाढ २०७९ सम्म

| | | रकम रु |
|---|---|---|
| | २०७८।७९ | २०७७।७८ |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | |
| व्याज प्राप्ती | १,२६५,४६३,०४८ | ५९९,८८३,४८८ |
| शुल्क तथा अन्य आम्दानी प्राप्ती | ७५,९८५,८६४ | ४१,८५३,६०३ |
| लाभांश प्राप्ती | - | - |
| अन्य संचालन गतिविधिबाट प्राप्ती | - | - |
| व्याज भुक्तानी | (८२९,३०२,६७५) | (३३१,३३६,४११) |
| कमिशन तथा शुल्क भुक्तानी | (६,२२२,०८३) | (२,०३०,०००) |
| कर्मचारीलाई भुक्तानी | (४१,३१८,१८१) | (४१,४७२,४६१) |
| अन्य खर्च भुक्तानी | (१३,५३१,६७५) | (११,८५७,१५१) |
| **संचालन सम्पत्ति/दायित्वमा परिवर्तन अघिको नगद प्रवाह** | **४५१,०७४,२९७** | **२५५,०४१,०६८** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | | |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा कमी/(वृद्धि) | - | - |
| बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दातमा कमी/(वृद्धि) | ४००,०००,००० | (४००,०००,०००) |
| अन्य व्यापारिक सम्पत्तिमा कमी/(वृद्धि) | - | |
| लघुवित्त तथा सहकारी संस्थाहरुलाई दिइएको कर्जा तथा सापटीमा कमी/(वृद्धि) | (२,२५६,०८०,२१०) | (२,७०१,०७४,९२२) |
| ग्राहकलाई दिइएको कर्जा तथा सपटीमा कमी/(वृद्धि) | (६,०६३,४५३) | (२,४७४,५४५) |
| अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (१२,१२९,४६५) | (१,३१४,२६१) |
| **संचालन दायित्वमा कमी/(वृद्धि)** | | |
| बैंक तथा वित्तीय संस्थाहरुलाई तिर्न बाँकी रकममा (कमी)/वृद्धि | - | - |
| नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी रकममा (कमी)/वृद्धि | - | - |
| निक्षेप दायित्वमा (कमी)/वृद्धि | - | - |
| तिर्न बाँकी सापटमा (कमी)/वृद्धि | ८४६,१९१,७५३ | ३,३७६,४४४,८१५ |
| अन्य दायित्वमा (कमी)/वृद्धि | ३,४४३,०१६ | ३,७५८,६६२ |
| **आयकर अघिको संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(५७३,५६४,०६१)** | **५३०,३८०,८१७** |
| आयकर भुक्तानी | (१०२,३७८,७००) | (५६,२००,०२७) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | **(६७५,९४२,७६२)** | **४७४,१८०,७९०** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| लगानी उपकरणको खरिद | - | - |
| लगानी उपकरणको विक्रि | - | - |
| बैंक तथा वित्तीय संस्थामा राखिएको लगानीमा बृद्धि/कमी | - | - |
| स्थिर सम्पत्तिको खरिद/बिक्री | (२४९,३७०) | (४,२५५,३५९) |
| अमूर्त सम्पत्तिको खरिद | - | - |
| अमूर्त सम्पत्तिको विक्री | - | - |
| लगानी सम्पत्तिको खरिद | - | (६९४,४००) |
| लगानी सम्पत्तिको विक्रि | - | - |
| व्याज प्राप्ती | - | - |
| लाभांश प्राप्ती | - | - |
| **लगानी गतिविधिमा प्रयोग भएको खुद नगद** | **(२४९,३७०)** | **(४,९४९,७५९)** |
| वित्तीय गतिविधिबाट नगद प्रवाह | - | - |
| ऋणपत्र निष्काशनबाट प्राप्त | - | - |
| ऋणपत्रको भुक्तानी | - | - |
| आवधिक दायित्वको निष्काशनबाट प्राप्त | - | - |
| आवधिक दायित्वको भुक्तान | - | - |
| शेयर निष्काशनबाट प्राप्त | - | - |
| लाभांश भुक्तानी | (४,६१४,८००) | (३३,५०४,६८३) |
| ब्याज भुक्तानी | - | - |
| अन्य प्राप्ति/भुक्तानी | - | - |
| **वित्तीय गतिविधिबाट नगद** | **(४,६१४,८००)** | **(३३,५०४,६८३)** |
| **नगद तथा नगद समानमा भएको खुद (घट)/बढ** | (६८०,८०६,९३२) | ४३५,७२६,३४८ |
| बर्षको शुरुमा रहेको नगद तथा नगद समान | ८१९,८२९,५२५ | ३८४,१०३,१७७ |
| नगद तथा नगद समानमा विनिमय दरको उतारचढावको असर | - | - |
| बर्ष अन्तमा रहेको नगद तथा नगद समान | **१३९,०२२,५९३** | **८१९,८२९,५२५** |

कम्पनी सचिव

## फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड
### इक्विटीमा भएका परिवर्तनको विवरण
### श्रावण १, २०७८ देखि ३२ आषाढ २०७९ सम्म

रकम रु.

| | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मुल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | स्थगन कर | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०७८ सालको मौज्दात | ८००,७४०,७४६ | १२१,८१६,४९२ | - | - | | - | - | १२१,६३६,९१७ | ३,०१६,३५१ | ३,३५९,५०५ | ४८१,६९८ | | १,०५१,०५१,७०९ |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | | | | | | | | (२७,८६१,८९२) | | | | | (२७,८६१,८९२) |
| **समायोजित शुरु मौज्दात** | ८००,७४०,७४६ | १२१,८१६,४९२ | - | - | | - | - | ९३,७७५,०२५ | ३,०१६,३५१ | ३,३५९,५०५ | ४८१,६९८ | | १,०२३,१८९,८१७ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | | |
| यस वर्षको मुनाफा | - | - | - | - | | | | १५४,७९६,६२८ | | | - | | १५४,७९६,६२८ |
| यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी | | | | | | | | | | | | | - |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | | | | | (४८६,०८०) | | | | | | | (४८६,०८०) |
| पुर्नः मुल्याङ्कनबाट भएका नाफा/(नोक्सान) | | | | | | | | | | | | | |
| परिभाषित लाभ योजनाबाट विमाङ्कि नाफा/(नोक्सान) | | | | | | | | | | | | | |
| नगद प्रवाहको हेजिङ्गबाट भएको नाफा/(नोक्सान) | | | | | | | | - | | | | | - |
| विदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/( नोक्सान) | | | | | | | | - | | | | | - |
| **यस वर्षको विस्तृत आम्दानी** | | | | | | | | | | | | | |
| **कोषमा सारिएको रकम** | | | | | | | | | | | | | |
| कोषबाट फिर्ता गरिएका रकम | | | | | | | | | | | | | |
| सिधै इक्विटीमा देखाइएको शेयरधनीसँगको कारोवार | | | | | | | | | | | | | |
| शेयर निष्कासन | - | | - | - | | | | - | | | - | | - |
| शेयरमा आधारित भुक्तानीहरु | | | | | | | | | | | | | |
| **शेयरधनीलाई लाभांश** | | | | | | | | | | | | | |
| **वोनस शेयर** | ७६,०७०,४५४ | | - | - | | | | (७६,०७०,४५४) | | | - | | - |
| **नगद लाभांश** | - | | | | | | | (३३,५०४,६८३) | | | | | (३३,५०४,६८३) |
| साधारण जगेडा कोषमा रकमान्तर | - | २५,७७६,०९९ | - | - | | | | (२५,७७६,०९९) | | | - | | - |
| ग्राहक संरक्षण कोषको उपयोगीता | | - | | | | | | - | (१,१७३,७५७) | | | | (१,१७३,७५७) |
| ग्राहक संरक्षण कोष | - | - | - | - | | | | (१,२८८,८०५) | १,२८८,८०५ | | - | | |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | | - | | | | | | २,७२९,२७२ | | (२,७२९,२७२) | | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | - | | | | | | (१,२८८,८०५) | | १,२८८,८०५ | | | - |
| **कुल योगदान र विवरण** | ७६,०७०,४५४ | २५,७७६,०९९ | - | - | | (४८६,०८०) | - | १९,५८९,०५४ | ११५,०४८ | (१,४३२,४६७) | - | | ११९,६३२,१०८ |
| **आषाढ २०७९ को अन्त्य मौज्दात** | ८७६,८११,२०० | १४७,५९२,५९१ | - | - | | (४८६,०८०) | - | ११३,३६४,०७९ | ३,१३१,३९९ | १,९२७,०३८ | ४८१,६९८ | | १,१४२,८२९,९२५ |

बाँकी अर्को पृष्ठमा

| अघिल्लो पृष्ठको बाँकी अंश | शेयर पूँजी | साधारण जगेडा कोष | सटही समिकरण कोष | नियामक कोष | कर्मचारी दक्षता अभिवृद्धि कोष | फेयर भेल्यू कोष | पुनर्मूल्यांकन कोष | संचित मुनाफा | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | स्थगन कर | अन्य कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०७८ सालको मौज्दात | ८७६,८११,२०० | १४७,५९२,५९१ | - | - | | (४८६,०८०) | - | ११३,३६४,०७९ | ३,१३१,३९९ | १,९२७,०३८ | ४८१,६९८ | | १,१४२,८२१,९२५ |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | | | | | | |
| **यस वर्षको मुनाफा** | - | - | - | - | | | | २५७,०५२,९७८ | | | - | | २५७,०५२,९७८ |
| यस वर्ष समायोजन तथा पुर्नस्थापना | | | | | | | | - | | | | | |
| **यस वर्षको आयकर पछिको अन्य विस्तृत आम्दानी** | | | | | | | | | | | | | - |
| इक्विटी उपकरण लगानीलाई फेयर भेल्युमा मुल्याङ्कन गरिदाँ भएका नाफा/(नोक्सान) | | | | | | - | | | | | | | - |
| पुर्न: मुल्याङ्कनबाट भएका नाफा/ (नोक्सान | | | | | | | | | | | | | |
| परिभाषित लाभ योजनाबाट बिमाङ्किक नाफा/(नोक्सान) | | | | | | - | | ३५०,४०२ | | | | | ३५०,४०२ |
| नगद प्रवाहको हेजिङबाट भएको नाफा/(नोक्सान | | | | | | | | - | | | | | |
| वदेशी विनिमय संचालनको वित्तीय सम्पत्ति विनिमयबाट भएको सटही नाफा/(नोक्सान) | | | | | | | | - | | | | | - |
| यस वर्षको विस्तृत आम्दानी | | | | | | | | २५७,४०३,३८० | | | | | २५७,४०३,३८० |
| यस वर्ष कोषमा सारिएको रकम | | | | | | | | | | | | | |
| यस वर्ष कोषबाट फिर्ता गरिएका रकम | | | | | | | | | | | | | |
| **सिधै इक्विटीमा देखाइएको शेयरधनी सँगको कारोवार** | | | | | | | | | | | | | |
| शेयर निष्कासन | - | | - | - | | | | - | | | - | | - |
| शेयरमा आधारित भुक्तानीहरु | | | | | | | | | | | | | |
| **शेयरधनीलाई लाभांश** | | | | | | | | | | | | | |
| बोनस शेयर | ८७,६८१,२०० | | - | - | | | | (८७,६८१,२००) | | | - | | - |
| नगद लाभांश | - | | | | | | | (४,६१४,८००) | | | | | (४,६१४,८००) |
| साधारण जगेडा कोषमा रकमान्तर | - | ५१,४१०,५९६ | - | - | | | | (५१,४१०,५९६) | | | - | | - |
| कर्मचारी दक्षता अभिवृद्धि कोष | | | | | १६०,००० | | | (१६०,०००) | | | | | - |
| अघिल्लो वर्षको पट्टा दायित्व समायोजन | | | | | | | | १,३९५,६१७ | | | | | १,३९५,६१७ |
| कल्याणकारी कोषबाट सारिएको रकम | | | | | | | | ९१,५८८ | | | | | ९१,५८८ |
| ग्राहक संरक्षण कोषको उपयोगीता | | - | | | | | | - | (१,०४१,५३३) | | | | (१,०४१,५३३) |
| ग्राहक संरक्षण कोषका लगानी फिर्ता रकम | | | | | | | | - | २९१,९५८ | | | | २९१,९५८ |
| ग्राहक संरक्षण कोष | - | - | - | - | | | | (२,५७०,५३०) | २,५७०,५३० | | - | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोगीता | | - | | | | | | ३८६,६२४ | | (३८६,६२४) | | | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | - | | | | | | (२,५७०,५३०) | | २,५७०,५३० | | | - |
| नियामक कोषमा जम्मा गरिएको | | | | ३,३४२,३४० | | | | (३,३४२,३४०) | | | | | - |
| एक्चुरियल नाफा अन्य कोषमा जम्मा | | | | | | | | (३५०,४०२) | | | | ३५०,४०२ | - |
| **आषाढ ३२, २०७९ को अन्त्यमा मौज्दात** | ९६४,४९२,४०० | १९९,००३,१८७ | - | ३,३४२,३४० | १६०,००० | (४८६,०८०) | - | २१९,९४०,८९१ | ४,९५२,३५४ | ४,११०,९४४ | ४८१,६९८ | ३५०,४०२ | १,६५३,७५१,५१५ |

**लेखा परीक्षकको मन्तव्य**

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तिय संस्था लिमिटेडको २०७९ आषाढ ३२ गतेको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको प्रचलित कानुनका अधिनमा रही लागू गर्न सकिने हदसम्म नेपाल लेखामान अनुसार यथार्थ चित्रण गर्दछ र कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार छुट्टै वित्तिय विवरणहरु तयार गरिएको छ ।

सि.ए. प्रकाश लम्साल
पार्टनर
पि.एल.आर.जि. एण्ड एसोसिएट्स,
चार्टड एकाउन्टेन्टस्
काठमाण्डौ ।

कम्पनी सचिव